# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति
# २०८०

## नगरकार्यपालिकाबाट स्विकृत मिति
## २०८०/०३/२६ गते

## रोल्पा नगरपालिका

रोल्पा नगरपालिकाको कार्यालय

लिवाङ, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल।

# मेरो भनाई

रोल्पा नगरपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र लैङ्गिक उत्तरदायी शासनका सबै सवालहरुलाई सम्बोधन गर्न आफ्ना नीति, रणनीति, कार्यविधि, योजना तथा कार्यक्रमहरुको तर्जुमा गरी लक्षित वर्गहरुको सशक्तीकरण, समावेशीकरण र मूलप्रवाहीकरण गर्ने उद्देश्य लिएको छ।

लक्षित वर्गहरुको पहिचान गरी उनीहरुलाई समस्या, सम्भावित जोखिम र सम्वेदनशीलताबाट बचाउनु सरकार, सरोकारवाला संघसंस्थाहरु लगायत सबैको दायित्व हुन्छ। समाजका गलत धारणा, परम्परा, मूल्यमान्यता र सोचाईले लक्षित वर्गहरुको अर्थपूर्ण सहभागितामा अवरोध गरेको पाईन्छ। रोल्पा नगरपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मैत्री नगरपालिका बनाउन नेपाल सरकार पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय कानून तथा महासन्धिहरु, नेपालको संविधान र राष्ट्रिय तथा प्रादेशिक कानूनसँग नबाँझिने नीति, योजना र कार्यक्रमहरु तयार गरी कार्यान्वयन गर्दै आएको छ। नगरपालिकाले आवधिक योजना, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, बालविवाह अन्त्यका लागी रणनीतिक योजना लगायत महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित र जनजातिको समूह, सञ्जाल गठन तथा परिचालन गर्ने, अपाङ्गता र ज्येष्ठ नागरिक परिचय पत्र वितरण गर्ने कार्यविधिको निर्माण र कार्यान्वयन गरिएका छन्। साथै लैङ्गिक तथा घरेलु हिंसापीडित तथा प्रभावित महिला तथा किशोरीहरुको अल्पकालीन आश्रयका लागी सुरक्षित आवास गृह (सेफ हाउस) र लैङ्गिक हिंसा निवारण कोषको समेत स्थापना गरेको छ। शिक्षामा छात्रवृत्ति, कृषि र पशुमा अनुदान तथा पकेटका कार्यक्रममा लक्षित वर्गका व्यक्तिहरुलाई प्राथमिकता दिएको छ। वार्षिक लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षणलाई निरन्तरता दिइएको छ। यसरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र लैङ्गिक उत्तरदायी शासनका विषय र सवाललाई स्थानीयकरण गर्न रोल्पा नगरपालिकालेग्रामिण विकास तथा चेतना समाज नेपाल, USAID-Adolescent Reproductive Health Project (RUDAS Nepal, USAID-ARH Project)को प्राविधिक सहयोगमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति,२०८० तयार गरिएको छ।

यस नीतिले नगरपालिकाको सबै कानून, योजना, कार्यक्रम, सेवा प्रवाह र संस्थागत संरचनालाई लैससासमैत्री, संवेदनशील र उत्तरदायी बनाउन, सम्बन्धित मुद्दालाई विकास प्रक्रियामा समावेश गर्न, महिला तथा पिछडिएका वर्ग समुदायको सशक्तिकरण गर्दै प्राप्त लाभको न्यायोचित वितरण गर्न, अर्थपूर्ण सहभागिता, अवसर सुनिश्चितताको मार्गनिर्देश गर्ने विश्वास लिएको छ। यो नीति तयार गर्न सहयोग गर्ने RUDAS Nepal, USAID-ARH Project, जिल्ला प्रहरी कार्यालय रोल्पा, UNFPA रोल्पा लगायतका सरोकारवाला संघसंस्थाहरु, जनप्रतिनिधि ज्यूहरु र कर्मचारी वर्गहरु सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु। साथै यो नीति कार्यान्वयन गर्न सबैको साथ र सहयोगको अपेक्षा गर्दछु।

**सुरेन्द्र थापा (घर्ती)**
**नगर प्रमुख**

# दुई शब्द

रोल्पा नगरपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) पद्धतिलाई मुलप्रवाहीकरण र संस्थागत गरी समावेशी विकासलाई प्रवर्द्धन गर्न "रोल्पानगरपालिकाकोलैङ्गिकसमानतातथासामाजिकसमावेशीकरणनीति, २०८०"निर्माणगर्न पाएकोमा खुशी व्यक्त गर्न चाहन्छु। यस नगरभित्र आर्थिक, सामाजिक, भौगोलिक, शैक्षिक र राजनैतिक लगायतका आयामबाट पिछडिएका तथा बञ्चितिका लक्षित समूहहरु अति विपन्न, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, शहिद परिवार तथा द्वन्दपीडित, दलित र जनजाति रहेका छन्। वास्तविक बञ्चिति वर्गलाई नगर तथा सार्वजनिक नीति निर्णय, संरचना, योजना, कार्यक्रम तथा सेवा प्रवाहमा अर्थपुर्ण सहभागिता र अवसरको पहुँचमा पु¥याउनु चुनौती रहेको छ।

विगत देखी नै रोल्पा नगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणर लैङ्गिक उत्तरदायी शासनलाई प्रवर्द्धन गर्न लक्षित वर्गहरुको समूह गठन, तालिम सञ्चालन, सामाजिक सुरक्षा, क्षमता विकास तथा सचेतनामूलक कार्यक्रमहरु सञ्चालन हुँदै आईरहेका छन्। यो नीतिले यी कार्यक्रमहरुलाई अझ प्रभावकारी र औचित्यपूर्ण तवरले सञ्चालन गर्न सहयोग पु¥याउनेछ। वास्तविक लक्षित वर्गहरुको पहिचान भई उनीहरुको सशक्तिकरण, मूलप्रवाहीकरण र समावेशीकरणमा पहुँच प्राप्त हुनेछ। संघीयताका लाभहरु तथा उपलब्ध स्थानीय स्रोत साधनहरुको न्यायोचित वितरण वितरण हुनेछ। म आशा गर्छु हाम्रो नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति,२०८० ले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण पद्धतिलाई मुलप्रवाहीकरण र संस्थागत गरी रोल्पा नगरपालिकालाई लैङ्गिक उत्तरदायी तथा समावेशी शासन कायम गर्न पूर्ण सहयोग गर्नेछ।

यस लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास)नीति,२०८० निर्माण गर्न सहयोग गर्नुहुने USAID-ARH, RUDAS Nepal, UNFPAरोल्पा, जि.प्र.का रोल्पा लगायतका सरोकारवाला व्यक्ति, संघसंस्था, नगरपालिकाका जनप्रतिनिधि ज्यूहरु र कर्मचारीहरु लगायत सम्पूर्णलाई धन्यवाद दिन चाहन्छु। यो नीति कार्यान्वयन गर्न हामी सबै ऐक्यबद्ध र प्रतिबद्ध हुनेछौ। धन्यवाद !

**गीता आचार्य**
**नगर उपप्रमुख**

# बिषयसूची


१. पृष्ठभुमी........१
२. बर्तमान अवस्था ........२
३. समस्या, चुनौती र अवसर........ ४
४. नीतिको आवश्यकता........ ७
५. दीर्घकालीन सोच........ ७
६. लक्ष्य........ ७
७. उद्देश्य........ ८
८. नीति, रणनीति तथा कार्यनीतिहरू ........ ८
९. नीति कार्यान्वयन ........१५
१०. आर्थिक व्यवस्था........१६
११. कानूनी व्यवस्था........१६
१२. नीति कार्यान्वयन तथा अनुगमन........१६
१३. नगरपालिका र वडा स्तरीय समितिको काम कर्तव्य र अधिकार........१७
१४. जोखिम तथा जोखिम न्यूनीकरणका उपायहरु........१८
१५. नीतिका अपेक्षित उपलब्धिहरु........१९
१६. नीतिको पुनरावलोकन तथा सुधार........ २०
१७. खारेजी तथा बचाउ ........ २०
अनुसुची १ः नीति निर्माण प्रक्रिया........ २१

# १. पृष्ठभुमि

नेपालको संविधान २०७२ को प्रस्तावनाले वर्गीय, जातीय, क्षेत्रीय, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ। संविधानको धारा १८ समानताको हकले सामाजिक र सांस्कृतिक रुपले पछाडि पारिएका जात, वर्ग, लिङ्ग, समुदाय तथा पिछडिएको क्षेत्र समेतको संरक्षण, सशक्तिकरण वा विकासको लागि विशेष प्रावधानहरु सहित थप व्याख्या गरको छ। महिलाको हक सम्बन्धी धारा ३८ ले समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार, राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागिता हुने अधिकार, सम्पत्ति तथा पारिवारिक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ।यसका साथै महिलाविरुद्ध हुने हिंसाजन्य कार्यहरुलाई कानुनबमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ। यसैगरी स्वास्थ्य सम्बन्धी हक, बालबालिकाको हक, दलितको हक, जेष्ठ नागरिकको हक, सामाजिक न्यायको हक, सामाजिक सुरक्षाको हकलाई मौलिक हकको रूपमा व्यवस्था गरी महिला, बालबालिका लगायत सीमान्तकृत समुदायको समान तथा सम्मानजनक रूपमा बाँच्न पाउने हक सुनिश्चित गरी कुनै पनि बहानामा हुने विभेद तथा हिंसालाई दण्डनीय बनाएको छ। यसैगरी राज्यको निर्देशक सिद्धान्त नीति तथा दायित्व अन्तर्गत सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिको व्यवस्था गरी सीमान्तकृत तथा अल्पसंख्यक समुदायको पहिचान, सशक्तिकरण, रोजगारी, जीविकोपार्जन लगायतका विषयमा संवैधानिक रूपमा नीतिगत व्यवस्था छ।

संविधानद्वारा प्रदत्त हक तथा अधिकारलाई कुनै अवरोध बिना नागरिकले उपभोग गर्ने वातावरणको सुनिश्चितता गराउनु राज्यको दायित्व हो। संघीय राज्य प्रणाली अनुसार सरकारका नीति, योजना तथा कार्यक्रमहरू, नेपालले विभिन्न समयमा गरेका राष्ट्रिय तथा अन्तरराष्ट्रिय प्रतिबद्धताहरू पूरा गर्नु तीन तहका सरकारको दायित्वअन्तर्गत पर्दछ। नेपालका तहगत सरकारले समाजका विभिन्न वर्ग, लिङ्ग, क्षेत्रबीच रहेको सबै किसिमको असमानता, विभेदकारी सोच र संरचनालाई रूपान्तरण गर्दै समतामुलक, लैङ्गिक समानता र समावेशीकरणमैत्री संरचना निर्माण गर्न आवश्यक छ।लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका विद्यमान चुनौती तथा अवसरहरूको आधारमा लैङ्गिक उत्तरदायी शासन पद्धतिलाई संस्थागत गर्न तथा समावेशी विकासलाई प्रवर्द्धन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ ले स्थानीय तहमा योजना बनाउँदा लैङ्गिक तथा सामाजिक समावेशीकरणसँग अन्तर्सम्बन्धित विषयलाई ध्यान दिनुपर्ने व्यवस्था गरेको छ। रोल्पा नगरपालिकाको लैङ्गिक उत्तरदायी समावेशी नगरपालिका बनाउने परिकल्पना अनुरुप समुदायका सीमान्तकृत वर्ग, लिङ्ग, जातजाति, धर्म, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिकहरुको निर्णय प्रक्रियामा सम्मान तथा अर्थपूर्ण सहभागिता हुने वातावरण निर्माण गरी नगरपालिकाले बनाउने वार्षिक नीति तथा कार्यक्रम, बजेट, संस्थागत संरचना वा संयन्त्रलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमैत्री बनाई समावेशी शासनलाई प्रवर्द्धन गर्न "रोल्पा नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०८०" तर्जुमा गरिएको छ।

# २. वर्तमान अवस्था

रोल्पा नगरपालिका रोल्पा जिल्लाको एक मात्र नगरपालिका हो। पहाडी जिल्लामा पर्ने यो नगरपालिका नेपालको लुम्बिनी प्रदेश अन्तर्गत पर्दछ। पूर्वमा सुनिलस्मृति गाउँपालिका, उत्तरमा थवाङ र सुनछहरी गाउँपालिका, पश्चिममा माडी गाउँपालिका र दक्षिणमा रुण्टीगढी गाउँपालिका र त्रिवेणी गाउँपालिका रहेको यो नगरपालिका रोल्पा जिल्लाको सदरमुकाम रहेको क्षेत्र पनि हो। सडक सञ्जाल, शिक्षा, पर्यटन जस्ता विविध पक्षहरुमा विकासोन्मुख रुपमा रहेको यो नगरपालिका प्राकृतिक रुपमा अति आकर्षक र रमणीय छ। नगरपालिकाभित्र माध्यामिक, आधारभूत, प्राथमिक र विभिन्न निजी स्कूलहरु पनि रहेका छन। जलजला बहुमुखी क्याम्पस तथा सि.टि.ई.भि.टी. प्राविधिक शिक्षालय रहेको यो नगरपालिका शिक्षा क्षेत्रमा पनि उन्मुख हुदै गरेको छ। लुम्बिनी प्रदेशमा रहेको यो क्षेत्र पूर्व पश्चिम राजमार्ग सडक खण्ड अन्तर्गत पर्ने भालुवाङबाट चकचके हुँदै रोल्पा नगरपालिका पुग्न करिव १०६ कि. मि. को दुरी पार गर्नुपर्दछ। चारैतिर बगेको नदि तथा जलजला, सातदोबाटो र दारबोट जस्ता उच्च स्थानमा रहेका मनोरम ठाउँहरुले गर्दा पनि यो नगरपालिका साँच्चिकै मनोरम रहेको छ। यो नगरपालिकाको आफ्नै रितिरिवाज, भाषा, धर्म र संस्कृति रहेको छ। मगरहरुको बाहुल्यता रहेको यो क्षेत्रमा ब्राह्मण, क्षेत्री, गुरुङ ,नेवार र दलित जातीहरुको पनि बसोबास रहेको छ। सारङ्गी, सोरठी जस्ता नाचका साथै अन्य विभिन्न संस्कृति झल्काउने नाचहरु पनि यो ठाउँमा नाचिन्छ।

रोल्पा नगरपालिकामा जम्मा ३२७५९ जनसंख्या रहेको छ। जस मध्ये महिलाको जनसंख्या १८०१५ (५५.१%) रहेको छ। सो मध्ये बढि जनसंखया वडा नं. १० मा ४९०१ र सवै भन्दाकम वडा नं. ८ मा २२४१ रहेको छ। दलित ५८४० ९१७.८३०, जनजाती १५०८८ ९४६.०६०, मधेशी १२ ९०.०४०, मुस्लीम ३१ ९०.०९०, ब्राहमण क्षेत्री ९८३७ ९३०.०३०, अन्य जातजाती १९५१ ९५.९६०, रहेका छन। कुल ७,१३३ घरधुरी मध्ये ४० प्रतिशत (२,८८१ घरधुरी) का ३१६४ जना युवाहरु वैदेशिक रोजगारमा गएको तथ्यांक प्राप्त भएको छ। वैदेशिक रोजगारीमा गएका मध्ये १,०७६ घरधुरीका (११६४ जना) व्यक्तिहरु स्वदेश फर्किसकेका छन्भने १,८०५ घरधुरीका २००० जना युवाहरु वैदेशिक रोजगारीमा नै कार्यरत छन्। समग्र तथ्यांकलाई नियाल्दा यस नगरपालिकावाट २,००० जना युवाहरु वैदेशिक रोजगारमा कार्यरत छन्। वैदेशिक रोजगारीमा कार्यरत कुल संख्या मध्ये ५.५ प्रतिशत महिला छन्। यो संख्या निकै कम हो। नगरपालिका भित्र जनजातिहरुको बसोबास बाहुल्यता रहेकोले अधिकांश युवाहरु जनजाति समुदायबाट वैदेशिक रोजगारमा गएका छन्। वैदेशिक रोजगारमा संलग्न घरधुरीहरु मध्ये ४४ प्रतिशत जनजाति, ३२ प्रतिशत

ब्राम्हण—क्षेत्री, २२ प्रतिशत दलित र २ प्रतिशत अन्य रहेका छन्। उमेर समुहको तुलनामा करिब ८२ प्रतिशत व्यक्तिहरु २१ देखि ४० बर्ष उमेर समूहका छन्। उक्त तथ्यांकलाई नियाल्दा अधिकांश सक्रिय उमेर समुहका युवाहरु वैदेशिक रोजगारमा रहेको पाईएको छ। जसले गर्दा स्थानीय विकासका योजना तर्जुमा तथा त्यसको कार्यान्वयन प्रक्रियामा समेत युवा जनशक्तिको अभाव हुँदै गईरहेको अवस्था देखिन्छ।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका क्षेत्रमा नगरपालिकाले विगत वर्षदेखि नै केही कार्यहरु गरिरहेको छ। नगरपालिकाले अपाङ्गता भएका व्यक्ति, दलित, अल्पसंख्यक, द्वन्द्व प्रभावित, एकल महिला लगायत सामाजिक सुरक्षाले सम्बोधन गर्नुपर्ने व्यक्तिहरुको लगत तयार गरि अद्यावधिक गरेको छ। नेपाल सरकारले यस सम्बन्धी बनाएका नीति तथा कार्ययोजना र आवधिक योजनाहरूका आधारमा उपलब्ध गराउनुपर्ने सेवा सुविधाहरू व्यवस्थित रूपमा प्रदान गर्न आवश्यक नियमावली तथा निर्देशिकाहरु जारी गरेको छ। नगरपालिकाले पछाडी पारिएका वर्गको आयआर्जनमा सघाउन घरेलु तथा साना व्यवसाय सञ्चालनका लागि सीपमूलक तालिमहरू सञ्चालन गरेको छ। नगरपालिकाले अपाङ्गता भएका व्यक्ति, दलित, जेष्ठ नागरिक, एकल महिलाहरूले नेपाल सरकारले दिने सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउनुका साथै अन्य सेवा तथा सहयोगका कार्यक्रमहरू पनि सञ्चालन गरिरहेको छ। सचेतनामूलक कार्यक्रमहरु सञ्चालन, उपभोक्ता समितिहरुलगायतका विभिन्न समितिहरु समावेशी बनेको, कृषि बिउबिजन तथा औजारहरु छुट तथा अनुदानमा वितरण गरेको,विद्यालयमा छात्रवृत्ति तथा निःशुल्क प्राविधिक शिक्षाको व्यवस्था, सीप विकासका तालिमहरु सञ्चालन, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिलाई सम्मान कार्यक्रम, मानसिक रोगी, सडक मानवको व्यवस्थापन, सुरक्षित आवासगृहको स्थापना र सञ्चालन गरेको छ। नगरपालिकाले दलित, जनजाती, एचआइभी प्रभावित, एकल महिलाहरुको सामाजिक तथा आर्थिक सशक्तिकरणका लागि विषयगत अभिमुखिकरण तालिम तथा कृषि बिऊबिजन सहयोग गरिरहेको छ। आगामी दिनमा न्यायोचित ढङ्गबाट आवश्यकता पहिचान गरी समावेशी प्रक्रियाबाट योजना तर्जुमा तथा कार्यान्वयन गर्नुपर्ने देखिन्छ। साथै हिंसा प्रभावितहरुलाई नगरपालिकाको न्यायिक समितिले न्यायिक निरुपण गरी सहयोग गरिरहेको छ। लैङ्गिक हिंसा प्रभावितलाई उपचारका लागी रोल्पा जिल्ला अस्पताल रेउघा, रोल्पामा १ वटा एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) सञ्चालन भई सेवा प्रवाह भैरहेको छ। न्यायिक समितिमा आएका लैङ्गिक हिंसाका घटनाहरुलाई आवश्यकता अनुसारको सेवा प्रवाहका लागि रेफर गर्न प्रभावकारी संयन्त्रको विकास गरिएको छ।

# ३. समस्या, चुनौती र अवसर

## समस्या

१. विभिन्न सामाजिक, साँस्कृतिक मुल्यमान्यताहरु जस्तै छोरा र छोरीबीच लैङ्गिक विभेद, जातीय छुवाछुत, रजस्वला, बालविवाह, बहुविवाह, घरेलु हिंसा, यौनजन्य हिंसा, बोक्सी आरोप, मानव बेचबिखन तथा ओसारपसार, आत्महत्या, असमान ज्याला, मद्यपानको उत्पादन तथा प्रयोग, बेरोजगारीको अवस्था रहनु।

२. सिमान्तकृत तथा विपन्न वर्गका महिला र किशोरकिशोरीहरूको शिक्षा, पोषण तथा स्वास्थ्यमा न्यून पहुँच, कुपोषिण बालबालिका, महिलाहरुमा रक्तअल्पताको देखिनु।

३. नगरपालिकामा विपन्न वर्ग, अपाङ्गता, यौनिक तथा लैंङ्गिक अल्पसंख्यक, नागरिकताबिहिनहरुको पूर्ण रुपमा खण्डिकृत तथ्याङ्कको उपलब्ध नहुनु।

४. घरेलु तथा लैङ्गिक हिंसा र पारिवारिक तनावका कारण बालबालिकाहरुको शारिरीक, मानसिक, सामाजिक, संवेगात्मक विकासमा असर पुग्नु।

५. विद्यालय तथा सार्वजानिक संरचनाहरु बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्ग मैत्री नहुनु।

६. यस नगरपालिकामा १ वटा सामुदायिक बहुमुखी क्याम्पस र १ वटा कृषि क्याम्पस भएपनि अन्य विषय जस्तैः- स्वास्थ्य, ईन्जिनियर, वनविज्ञान लगायतका विषय अध्ययन गर्नका लागी जिल्ला बाहिर जानुपर्ने अवस्था हुनु।

७. महिलाहरुको राजनीतिक तथा सामाजिक जीवनको निर्णायक भूमिकालाई अझै पनि पुर्ण रुपमा स्वीकार गर्न नसकिनु।

८. नगरपालिकाको योजना तर्जुमा प्रक्रियामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सवाल मुलप्रवाहीकरण नहुनु तथा गठन हुने समिति र संरचनामा समावेशीकरणको भावना प्रयाप्त रुपमा समेटन नसक्नु।

९. प्रत्यक्ष हिंसामा परेका तथा अन्य किशोरी र महिलाहरुले अझै पनि आफ्नो कुरा खुलेर राख्न नसक्नु।

१०. समाजमा व्याप्त परम्परागत मूल्यमान्यताको अभ्यास, पितृसत्तात्मक सोच, प्रजनन स्वास्थ्य अधिकारको बारेमा अझै समाजमा खुलेर कुरा गर्ने जनचेतनाको कमी, आर्थिक विपन्नता, अवसरबाट बञ्चितिकरण, जेष्ठ नागरिक र परिवार बिचमा पुस्तान्तरण र सामाजिक बिचलनको अवस्था विद्यमान रहनु।

११. गरिबी, लागू पदार्थ दुर्व्यसनी, सामाजिक सञ्जालको दुरुपयोग, चाहेको विषय पढ्न नपाउनु, योजना तथा कार्यक्रम तर्जुमा तथा कार्यन्वयनमा किशोरीको सहभागिता

नभएको वा न्यून भएको, किशोरीहरुको गुनासो सुन्ने प्रभावकारी संयन्त्र नभएको, प्रजनन स्वास्थ्यको बारेमा कुरा गर्दा लाज मान्य, किशोरीहरुको चाहाना परिवारका सदस्यहरुले नबुझ्नु।

१२. भौगोलिक बिकटताले गर्दा उपलब्ध सेवा सुविधा प्राप्त गर्न कठिनाई हुनु।

१३. ज्येष्ठ नागरिक मिलन केन्द्र, ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना नहुनु।

१४. .दलित तथा अन्य जातिले गर्दै आएको आरन व्यवसायलाई पुस्तान्तरण गर्न नसक्नु।

## चुनौती

१. समाजमा महिला, किशोरी तथा दलित समुदायलाई हेर्ने परम्परागत विभेदकारी दृष्टिकोण तथा पित्तृसत्तात्मक सोचका कारण सामाजिक र राजनीतिक क्षेत्रका सार्वजनिक ओहदामा उनीहरुको भूमिकालाई सुनिश्चित गरी नेतृत्व विकास गर्नु।

२. महिला तथा सीमान्तकृत समुदायमा स्वास्थ्य, शिक्षा, रोजगारी लगायत स्थानीय स्रोत साधनमाथि पहुँच पुऱ्याउनु।

३. लैङ्गिक समानता तथा समावेशीकरणको अवधारणालाई मूलप्रवाहीकरण गरी सामाजिक रूपान्तरण गर्नु र लैङ्गिक उत्तरदायी शासनको व्यवस्था स्थापित गर्नु।

४. महिला, बालिका तथा किशोरी माथिको घरेलु तथा यौनजन्य हिंसाका कारण हुने हत्या तथा आत्महत्याका घटनाहरू अन्त्य गर्नु।

५. सामाजिक बिभेद, यौन तथा प्रजनन स्वास्थ्य, कानुनी तथा न्यायिक प्रक्रिया सम्बन्धि सचेतना बढाउनु।

६. भौगोलिक बिकटता, खाद्य सुरक्षा, जलवायु परिवर्तन अनुकूलन क्षमता अभिवृद्धि गराउनु ।

७. परम्परागत सोच र संस्कार परिवर्तन नहुनु।

८. वर्गीय, जातीय, लैङ्गिक विभेद र असमानता हटाउनु।

९. आर्थिक स्रोत साधन तथा लगानी बढाउनु।

१०.बाल विवाह, बहुबिबाह लगायत लैङ्गिक हिंसाहरुको न्यूनीकरण गर्नु।

११.शीघ्रता र स्तरिय सञ्चार प्रणालीको विकास गर्नु ।

१२.लक्षित वर्गहरुलाई सक्रिय र उत्प्रेरित गराउनु।

१३.समाजमा मादक पदार्थको उत्पादनलाई निरुत्साहित गर्दै मादक पदार्थ सेवन पश्चात उत्पन्न हुने समस्या न्युनीकरण गर्नु।

१४.काम गर्न गठित समिति तथा उपसमिति लगायतका सङ्गठनहरुलाई सक्रिय बनाउनु।

१५.तर्जुमा भएका नीति कानूनहरुको समसामयिक संसोधन सहित पुर्ण कार्यान्वयन गर्नु ।

१६.नीति कार्यान्वयनका लागी रणनीति र कार्ययोजना कार्यान्वयन गर्नु।

## अवसर

१. नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन,२०७४ का साथै स्थानीय सरकार आँफैले नीति तथा कानुन निर्माण गर्ने अधिकार प्राप्त छ।

२. संघीय तथा प्रदेश सरकारको लैङ्गिक उत्तरदायी बजेट तथा कार्यक्रम अनुरुप नगरपालिकालाई नीति तथा कानुन बनाउन अवसरहरु प्रदान गरेको छ।

३. लैङ्गिक तथा जातीय विभेद, हिंसा विरुद्ध समाजमा सङ्गठित रूपमा आवाज उठ्नु तथा महिला तथा सीमान्तकृत समुदायहरू विभिन्न समूह, संस्था, सञ्जालमा सङ्गठित भई आफ्ना हक अधिकार सुनिश्चितताका लागि अभियानरत रहेका छन्।

४. नगरपालिकामा एफ. एम. सञ्चालन, पत्रिका प्रकाशन भई सार्वजनिक सूचना लगायत नगरपालिकाका गतिविधिहरु समुदायमा सम्प्रेषण भएको छ।

५. सामाजिक सशक्तिकरणका लागि महिला, युवा, सहकारी, कृषक, उद्यमी, ज्येष्ठ नागरिक, आमा समूह लगायतका संगठित समूहले परिणाममुखी काम गर्नका लागि वातावरण भएको छ।

६. नगरपालिकाले आवश्यता अनुसार ऐन कानुन तथा निर्देशिका निर्माण गरि कार्यान्वयनमा ल्याईसकेको छ। नगरपालिकामा १ वटा प्रादेशिक अस्पताल, ७ स्वास्थ्य चौकी, ३ आधारभूत स्वास्थ्य सेवा केन्द्र र ५ शहरी स्वास्थ्य सेवा केन्द्र गरी जम्मा १५ वटा स्वास्थ्य संस्था, ६३ महिला स्वास्थ्य स्वयम सेबिका, र ७२ वटा सामुदायिक विद्यालय र ४ वटा संस्थागत विद्यालय गरी जम्मा ७६ वटा शैक्षिक संस्थाहरु रहेका छन। यी पूर्वाधारहरु आगामी दिनको विकासका लागि महत्वपूर्ण अवसरको रुपमा रहेको देखिन्छ।

७. न्यायिक समिति, वडास्तरको मेलमिलाप समिति सामाजिक न्याय कायम गर्न क्रियाशील रहेको छ।

८. लक्षित वर्गहरुको विभिन्न क्षेत्रमा बजेट विनियोजनको व्यवस्था छ।

९. शहिद परिवार, द्वन्दपीडित तथा प्रभावित, अपाङ्गता भएका व्यक्तिहरुलाई निःशुल्क स्वास्थ्य बीमाको व्यवस्था छ।

१०. विभिन्न समितिहरु, समूह गठन र परिचालन भएको छ।

११. कृषि अनुदान तथा कृषि पकेट क्षेत्रको कार्यक्रमको व्यवस्था छ।

१२. सीप विकास तथा आयआर्जनका तालिमहरुको व्यवस्थाछ।

१३. दलित तथा अन्य समुदायहरुको आरन व्यवसायको आधुनिकीकरण तथा प्रविधि हस्तान्तरण भएको छ।

१४. सुरक्षित आवासगृह (Safe House) सञ्चालनमा छ।

१५.शिक्षामा विभिन्न छात्रवृत्तिका कार्यक्रमहरुको व्यवस्था छ।

१६.बेरोजगारहरुको तथ्यांक संकलन भएको छ।

१७.सचेतनामूलक कार्यक्रमहरुको सञ्चालन हुदैं आएको छ।

## ४. नीतिको आवश्यकता

१. व्यक्ति, परिवार तथा समाजको सोच र व्यवहारमा परिवर्तन ल्याई दिगो विकास गर्न यो नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउन।

२. नीति तर्जुमा गर्नुपर्ने अन्य कारणहरुमा सामाजिक न्याय र समावेशीकरण सम्बन्धी मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, राज्य नीति, सामाजिक न्याय र समावेशीकरण सम्बन्धी विभिन्न कानुनी प्रावधानहरु तथा नीतिलाई स्थानीय तहमा कार्यान्वयन गर्ने आधार तयार गर्न।

३. राज्यका सबै संरचनाहरूमा सबै वर्ग, क्षेत्र, लिङ्ग र समुदायको उचित प्रतिनिधित्व गराउन, नीति निर्माण तहसम्म पहुँच बढाउन र सीमान्तकृत समुदायलाई विकासको मूल प्रवाहमा समाहित गरी समतामुलक प्रक्रियाद्वारा समानता तथा समावेशी समाज निर्माण गर्न।

४. विद्यमान सामाजिक असमानता र बञ्चितीकरणका कारण सामाजिक विकासका सूचकहरूमा भएको कमजोर अवस्थाका साथै सामाजिक, आर्थिक एवं प्रशासनिक क्षेत्रमा रहेको असमान पहुँचको अवस्थाको पहिचान लैङ्गिक, जातीय, क्षेत्रीय, सामाजिक तथा आर्थिक विभेदको अन्त्य गर्न।

५. दिगो विकासको लक्ष्य - ५ हासिल गर्न।

६. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई मूलप्रवाहीकरण गर्दै लैङ्गिक उत्तरदायी शासन पद्धतिको संस्थागत रूपमा विकास गर्न।

## ५. दीर्घकालीन सोच

समाजमा रहेको सबै प्रकारका विभेदको अन्त्य गरी समताको प्रक्रियाद्वारा समानतामूलक र समावेशी नगरपालिका निर्माण गर्ने।

## ६. लक्ष्य

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र लैङ्गिक उत्तरदायी शासनको संस्थागत संरचना र रणनीति मार्फत समाजका कानून विपरितका परम्परागत अभ्यासको अन्त्य गरी

महिला, किशोरी तथा सीमान्तकृत समुदायको सशक्तिकरणबाट लैङ्गिक रूपमा समान र समावेशी समाजको निर्माण गर्ने।

## ७. उद्देश्य

१. लैङ्गिक तथा जातीय विभेद, हिंसा, शोषण तथा विभेदकारी अभ्यासहरुको अन्त्य गर्नु।

२. महिला तथा सीमान्तकृत समुदायको सामाजिक, आर्थिक सशक्तिकरण, सामाजिक संरचना रुपान्तरण गर्नु।

३. समानता र समावेशी मूल्य मान्यतामा आधारित योजना, कार्यक्रम निर्माण तथा कार्यान्वयनको सुनिश्चितता गरी लैङ्गिक उत्तरदायी समावेशी शासन पद्धतिको संस्थागत विकास गर्नु।

## ८. नीति, रणनीति तथा कार्यनीतिहरू

**नीति १.नगरपालिकाले निर्माण गर्ने सम्पूर्ण नीति रणनीति,योजना तथा कार्यक्रममा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिकोणलाई मूलप्रवाहीकरण गर्दै नगरपालिकाको कार्यक्रम तथा बजेट लैङ्गिक उत्तरदायी बनाउने ।**

**रणनीति र कार्यनीति**

१.१ नगरपालिकाको योजना तथा बजेट तर्जुमा गर्दा लैससास उत्तरदायी कार्यविधि बनाई कार्यान्वयन गर्ने।

१.२ लैङ्गिक दृष्टिकोणबाट लक्षित समुदायप्रति जवाफदेही रहेको विषयको सुनिश्चितता गर्न सामाजिक परिक्षण (Social Audit) तथा गुनासो सुन्ने संयन्त्रको सुनिश्चितता गर्ने।

१.३ नगरपालिकालाई प्रविधिमैत्री बनाई खण्डिकृत तथ्याङ्क व्यवस्थापन (नियमित अध्यावधिक) गरी नगरपालिकाले निर्माण गर्ने सम्पूर्ण योजना तथा कार्यक्रममा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सिद्धान्तलाई अवलम्बन गर्न सुनिश्चितता गर्ने।

१.४ लैससासको दृष्टिकोणबाट महिला, एकल महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक,  अपाङ्गता भएका व्यक्तिहरु, दलित, सिमान्तकृत तथा पछाडी परेका वा पारिएका वर्ग र समुदायको आवश्यकताको पहिचान गर्ने।

१.५ नगरपालिकाको योजना तथा विषयगत कार्यक्रममा लैससास मुलप्रवाहीकरण गर्न महिला तथा बालबालिका सम्पर्क व्यक्तिको क्षमता अभिवृद्धि गर्ने।

१.६ नगरपालिकाको जानकारी सम्प्रेषण गर्दा लक्षित समुदायले बुझ्ने गरी उनीहरुको मातृ भाषामा सम्प्रेषण गर्ने।

१.७ नगरपालिका र वडामा नियमित रुपमा सार्वजनिक सुनुवाई गर्ने, सार्वजनिक सुनुवाई गर्दा लक्षित समुदायको उपस्थिति र लैससासका सवाललाई उचित सम्बोधन गरी प्रभावकारी सूचना प्रवाह गर्ने।

१.८ नगरपालिकाले योजना बनाउँदा सम्बन्धित समुदायसँग छलफल गरि उनीहरुको आवश्यकतामा आधारित योजना बनाउनुका साथै यस्ता कार्यमा नगरपालिकामा कार्यक्षेत्र बनाई काम गरिरहेका विकासका साझेदारहरूलाई समेत परिचालन गर्ने।

१.९ समुदायका हरेक व्यक्तिहरुलाई लैङ्गिक समानता र सामाजिक समावेशीकरणको बारेमा सुसूचित गरी नगरपालिकास्तरीय सबै सामाजिक संघ संस्था, विद्यालय व्यवस्थापन समिति, टोल विकास संस्था, उपभोक्ता समिति, राजनीतिक समिति आदिमा महिला तथा सीमान्तकृत समुदायको अर्थपूर्ण सहभागिता तथा नेतृत्वदायी भूमिकालाई सुनिश्चित गर्ने।

१.१० वार्षिक रूपमा लैङ्गिक उत्तरदायी बजेट तथा लैससास परिक्षण गर्ने।

१.११ सबै सार्वजनिक कार्यालयहरूमा स्तनपान कक्ष स्थापना गर्ने।

१.१२ नगरपालिका स्तरमा लैङ्गिक सहायता कक्षको स्थापना गर्ने।

१.१३ लक्षित वर्गको छुट्टाछुट्टै संजाल गठन गरी परिचालन गर्ने।

## नीति २. लक्षित वर्ग (महिला, दलित, अपाङ्गता भएका व्यक्ति, द्वन्द्वप्रभावित, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, जनजाती र सीमान्तकृत समूह)को नेतृत्वदायी भूमिकालाई प्रवर्द्धन गर्न योजनाबद्ध रुपमा क्षमता अभिवृद्धि गरी स्थानीय तहको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने।

### रणनीति र कार्यनीति

२.१ स्थानीय स्तरको योजना तर्जुमा गर्दा टोल स्तरबाट नै लक्षित समुदायको अर्थपुर्ण सहभागिता, नेतृत्व विकास, सवाल पहिचान जस्ता अभियान सञ्चालन सम्बन्धी क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्ने।

२.२ नगरपालिकाको योजना तर्जुमा तथा सार्वजनिक सरोकारका विषयवस्तुहरुको जानकारी लक्षित समुदायमैत्री भाषा तथा सञ्चारका माध्यमवाट सम्प्रेषण गर्ने।

२.३ नगरपालिकामा निर्माण हुने भौतिक संरचनालाई लैङ्गिकमैत्री, किशोरकिशोरीमैत्री, बालमैत्री, अपाङ्गतामैत्री तथा जेष्ठ नागरिकमैत्री बनाई सो अनुसारको सेवा सुविधाको सुनिश्चितता गर्ने।

२.४ नगरपालिका, वडा तथा समुदायमा गठन गरीने विभिन्न संजाल, समूह तथा समितिहरुमा महिला, अपाङ्गता भएका व्यक्तिहरु, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसँख्यक, दलित, जनजाती, सिमान्तकृत तथा पछाडी पारिएका वर्ग र समुदायको समानुपातिक सहभागिताको आधारमा प्रतिनिधित्व तथा सहभागिताको सुनिश्चित गर्ने ।

२.५ सार्वजानिक क्षेत्र, नीजि कम्पनी तथा वित्तीय संस्था लगायत नगरपालिका आफू र आफू मातहतका निकायहरूमा हुने नियुक्तिमा कम्तीमा ५० प्रतिशत नियुक्ति महिला तथा सीमान्तकृत समुदायको प्रतिनिधित्व गराउन आवश्यक प्रबन्ध गर्ने।

२.६ नगरपालिका तहको नीति, कानून, योजना, कार्यक्रम, बजेट आदिको तर्जुमा गर्दा लक्षित वर्गको अर्थपुर्ण सहभागिता तथा प्रतिनिधित्वको सुनिश्चित गर्ने।

२.७ नगरपालिकाका सबै जनप्रतिनिधिहरू र कर्मचारीहरूलाई लैङ्गिक समानता र सामाजिक समावेशीकरणको अवधारणा सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जवाफदेही संयन्त्रका बारेमा अभिमूखिकरण गर्ने।

२.८ नगरपालिकाकाले प्रदान गर्ने बजेट सिलिङमा नै लक्षित समुदायका लागी निश्चित प्रतिशत बजेट विनियोजनको व्यवस्था गर्ने र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण हासिल गर्न सञ्चालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने कार्यलाई नियमित र प्रभावकारी बनाउने।

२.९ किशोरकिशोरीहरु, आमा, बुवा तथा धार्मिक अगुवाहरुका विभिन्न समुह गठनमार्फत क्षमता विकासका सेसनहरु जस्तै सामाजिक नक्सांकन, सामाजिक विश्लेषण तथा कार्य (SAA Session), पुरुष तथा युवा GESI Champian परिचालन गरी सामाजिक बिकृति तथा विसङ्गतिहरु, प्रजनन स्वास्थ्य सम्बन्धि सत्रहरु जस्ता कार्यक्रमहरु नगरपालिकाको नेतृत्वमा सञ्चालन गरी समाजमा विद्यमान असभ्य र अव्यवहारिक मुल्य मान्यताहरुलाई हटाउन सामाजिक परिचालन गर्ने।

२.१० किशोरकिशोरी, महिला तथा प्रजनन स्वास्थ्य कार्यक्रमहरुलाई सञ्चालन गरी किशोरीहरुका नकारात्मक विभेदीकृत व्यवहारहरुको अन्त्य गर्न कायक्रम सञ्चालन गर्ने।

२.११ सेनेटरी प्याड बनाउने तालिमहरु सञ्चालन गर्ने।

२.१२ किशोरकिशोरीमा उत्प्रेरणा बढाउन अतिरिक्त कक्षा सञ्चालन, नयाँ-नयाँ प्रविधिको बारेमा जानकारी गराउने तथा क्षमता विकासको लागि तालिमहरु सञ्चालन गर्नुपर्ने।

२.१३ नगरपालिका तथा वडा कार्यालयको नीति, योजना र कार्यक्रमहरुको सम्बन्धमा प्रचारप्रसार गर्नुपर्ने।

## नीति ३. नगरपालिकामा विद्यमान कानून विपरितका सामाजिक मूल्यमान्यताको अन्त्य गर्दै सबै प्रकारको विभेद र हिंसा अन्त्य गरी सभ्य, समृद्ध र सुसंस्कृत नगरपालिका निर्माण गर्ने।

**रणनीति र कार्यनीति**

३.१ समुदाय तथा परिवारमा हुने घरेलु हिंसा, लैङ्गिक हिंसा, लैगिंक विभेद जस्ता कानून विपरित र अव्यवहारिक सोच तथा व्यवहारहरुलाई निरुत्साहित गर्न **हरेक घर सुरक्षित घर** अभियान सञ्चालन गर्ने।

३.२ बाल विवाह विरुद्धको रणनीति कार्यान्वयनका लागि नगरपालिकाले सबै सरोकारवालाहरुसँग सहकार्य गरी साझा कार्ययोजना निर्माण गरि बाल विवाह मुक्त नगरपालिका घोषणा गर्ने।

३.३ बालविवाह मुक्त, लैङ्गिक विभेद, हिंसा तथा जातीय छुवाछुत लगायत सबै किसिमका छुवाछुत मुक्त नगरपालिका घोषणा गर्न सूचक तयार गर्ने र सूचकको आधारमा कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने।

३.४ बाल विवाह र लैङ्गिक हिंसाको जोखिममा रहेका बालबालिकाहरूलाई विद्यालय तथा समुदायमा मनोसामाजिक विमर्श सेवाको सुनिश्चितता गर्ने।

३.५ विद्यालयमा किशोर तथा किशोरीहरुका लागि यौन तथा प्रजनन स्वास्थ्य र महिनावारी स्वच्छता सम्बन्धी जानकारी दिन नियमित रुपमा कक्षा सञ्चालन गरी बाल विवाह र लैङ्गिक हिंसाको संकटासन्न अवस्थामा रहेका महिला, किशोरी तथा बालबालिकाहरूलाई पूनःस्थापना सेवाका साथै मनोसामाजिक विमर्श सेवाको सुनिश्चितता गर्ने।

३.६ सामुदायिक संघसंस्था, युवा, किशोरकिशोरी, निगरानी समूहहरू गठन तथा सुदृढीकरण गरी लैङ्गिक तथा जातीय विभेद र हिंसा नियन्त्रणका लागि विभिन्न संघसंस्था तथा निजी क्षेत्रसँग सहकार्य गर्ने ।

३.७ कानून विपरितका परम्परागत अभ्यास, लैङ्गिक भूमिका र सामाजिक मान्यताहरु परिवर्तन गर्न किशोर तथा पुरुषहरुलाई संलग्न गरी अभियान सञ्चालन गर्ने र पुरुषहरुलाई पनि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अभियान सम्बन्धि तालिम दिई हानिकारक सामाजिक मूल्यमान्यता परिवर्तन गर्न परिचालन गर्ने।

३.८ नगरपालिकाका स्वास्थ्य संस्थाबाट किशोरकिशोरीमैत्री स्वास्थ्य सेवा प्रदान गर्ने सुनिश्चितता गरी विद्यालयमा लैङ्गिक संवेदनशील, विभेदरहित शिक्षालाई सुनिश्चित गर्ने वातावरण निर्माणका लागि आवश्यक कार्यविधि निर्माण गरि कार्यान्वयन गर्ने। ।

३.९ प्रवर्द्धनात्मक, निरोधात्मक, उपचारात्मक, पुनःर्स्थापनात्मक तथा नियमनकारी उपायहरूद्वारा नगरपालिकाका सबै वडा तथा टोलहरूमा लैङ्गिक हिंसा निवारण तथा कानून विपरितका परम्परागत अभ्यासहरूको अन्त्य गर्न सामाजिक अभियानहरू सञ्चालन गर्ने।

३.१० लैङ्गिक हिंसा प्रभावितहरूको न्यायमा पहुँच अभिवृद्धि गर्न सुरक्षाबासमा आवश्यक सहयोग, उद्दार, मनोविमर्श, स्वास्थ्य उपचार, कानुनी उपचार र राहत कोष, पुर्नस्थापना सेवाको व्यवस्था गरी द्रूत न्याय प्रणालीलाई संस्थागत गर्ने।

३.११ न्यायिक समितिलाई साधन स्रोतसम्पन्न बनाई जनप्रतिनिधि, मेलमिलापकर्ताहरु तथा अन्य सरोकारवालाहरूलाई लैङ्गिक विभेद र हिंसा सम्बन्धी कानुनी व्यवस्था तथा कानुनको बारेमा आश्यकता अनुसार क्षमता विकास गर्ने।

३.१२ हिंसा, महामारी तथा विभिन्न रोगहरूको प्रभावबाट मानसिक स्वास्थ्यमा असर पुगेका व्यक्ति, परिवार तथा समुदायलाई केन्द्रित गरी समुदाय देखी नै सामुदायिक मनोसामाजिक सहजकर्ता मार्फत मनोसामाजिक स्वास्थ्य परामर्श कार्यक्रम सञ्चालन गर्न सबै वडा तथा स्वास्थ्य संस्थामा मनोविमर्श सेवालाई विस्तार गर्ने।

३.१३ महिला, किशोरी तथा सीमान्तकृत समुदायको शिक्षा तथा स्वास्थ्य सेवामा पहुँच बढाउन शिक्षा तथा स्वास्थ्य सेवालाई निःशुल्क, सर्वसुलभ र गुणस्तरीय बनाउने।

३.१४ विद्यालयमा समतामुलक छात्रवृत्ति कार्यक्रमलाई प्रभावकारी बनाउने।

३.१५ विपन्न घरपरिवारको पोषण सुधार कार्यक्रमका लागि बजेट सहित कार्ययोजना निर्माण गर्ने साथै सामुदायिक विद्यालयहरुमा दिवा खाजाको व्यवस्था गर्ने र विद्यालयमा प्रत्येक ६ महिनामा निःशुल्क स्वास्थ्य परीक्षणको व्यवस्था गर्ने।

३.१६ विद्यालय भन्दा बाहिर रहेका बालबालिका तथा किशोरकिशोरीहरुलाई विद्यालय भर्ना अभियान सञ्चालन गर्ने।

३.१७ महिला तथा किशोरीहरुलाई सामाजिक, वित्तीय सीप हस्तान्तरण मार्फत तथा जीवन उपयोगी सीपको विकास, आर्थिक सशक्तीकरण तथा सबलीकरण गर्दै सामाजिक तथा लैङ्गिक विभेदको अन्त्य गर्ने।

३.१८ रोल्पा नगरपालिकाभित्र हुने लैङ्गिक तथा घरेलु हिंसाको विवरण संकलन तथा विश्लेषण गरी प्राप्त तथ्याङ्कको आधारमा त्यस्ता घटनालाई न्यूनीकरण गर्न, न्यायिक उपचार प्राप्त गर्न र अपराध नियन्त्रण गर्न सम्बन्धित निकायहरूको सहकार्यमा सचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने।

## नीति ४. महिला तथा सीमान्तकृत समुदायको स्रोत साधन माथि समान पहुँच, नियन्त्रण र निर्णय प्रकृयामा अर्थपूर्ण सहभागिता हुन सक्ने गरी स्वरोजगार, रोजगारी र उद्यमशीलताको प्रवर्द्धन गरी आत्मनिर्भर बनाउने।

### रणनीति र कार्यनीति

४.१ महिला, अपाङ्गता भएका व्यक्ति, दलित, जनजाती तथा विपन्न समुदायका व्यक्तिहरूको आर्थिक सशक्तीकरण, नेतृत्व विकास, उद्यमशीलता तथा आत्मनिर्भरताका लागि बजार सर्वेक्षणको आधारमा सीप तथा क्षमता अभिवृद्धि गर्ने गतिविधि सञ्चालन गर्ने।

४.२ बहुविभेदमा परेका महिला, अपाङ्गता भएका व्यक्ति, द्वन्द्व प्रभावित, युवा, लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरूको आत्मनिर्भरताको लागि उनीहरुसँग भएको सीप तथा स्थानीय सीप र ज्ञानलाई आर्थिक विकास तथा रोजगारीको पूर्वाधारको रूपमा लिई तिनीहरुको गुणस्तरियता र व्यवसायिकताका लागि दक्ष मानवस्रोत निर्माण गर्न यस्ता समुहको अगुवाईमा साना उद्योग तथा व्यवसाय प्रवर्द्धन तथा बजारीकरण गर्ने।

४.३ सामाजिक तथा आर्थिक रूपमा सीमान्तकृत समूह र समुदायका लागि निःशुल्क रुपमा विभिन्न सीपमूलक तालिम सञ्चालन गर्ने साथै तालिम पश्चात

सामग्री खरिदका लागि पूर्ण तथा ५० प्रतिशत सम्म रकम अनुदान सहयोग गर्ने।

४.४ **"उद्यममा महिला- विकासमा पहिला"** नाराका साथ एक वडा एक उत्पादन कार्यक्रम सञ्चालन गरी नगरपालिकाले एकीकृत बजारीकरणको व्यवस्थापनका लागि भौतिक, आर्थिक तथा प्राविधिक सहयोग गर्ने।

४.५ विकासमा युवाहरुको रचनात्मक नेतृत्व तथा आत्मनिर्भरताका लागि युवा सम्बन्धी विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने।

४.६ कृषिको विकासको लागि क्षेत्र तोक्ने, कृषि उत्पादन, कृषि र लघुउद्यममा सहुलियत ऋणको व्यवस्था गरी नगरपालिकाको कृषि अनुदान कार्यक्रममा महिला कृषक समूह तथा उद्यमशीलता प्रवर्द्धन गरी कृषि उपजको बजारीकरण गर्ने।

४.७ प्राविधिक शिक्षालयहरूसँगको समन्वय तथा सहकार्यमा हरेक वडामा कृषि तथा पशु प्राविधिक जनशक्ति तयार गर्ने।

४.८ वैदेशिक रोजगारीमा गएका परिवारका सदस्यहरू तथा वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको सीप, ज्ञान र आम्दानीलाई व्यवस्थित र पुर्नउत्पादनमूलक क्षेत्रमा लगानी गर्ने।

## नीति ५. विपद् तथा महामारीका समयमा महिला, गर्भवती, सुत्केरी, किशोरी, बालबालिका, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसंख्यक तथा जेष्ठ नागरिकहरूका विशेष आवश्यकता र सो समयमा हुनसक्ने लैङ्गिक विभेद, हिंसा, स्वास्थ्य, पोषणका सवाल सम्बोधनका लागि कार्ययोजना निर्माण गर्ने।

## रणनीति र कार्य नीति

५.१ विपद तथा प्रकोपको समयमा बढी प्रभावित क्षेत्रका समुदायको नक्सांकन गरी जोखिम अवस्थाको मापन सहित पूर्व तयारीका लागि बजेट सहित योजना निर्माण गर्ने।

५.२ विपद् तथा अन्य समयमा जोखिममा रहेका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, द्वन्द्वपीडित, जेष्ठ नागरिकहरूको अधिकार सुनिश्चितताका लागि नगरपालिकास्तरिय संरक्षण समिति गठन गर्ने साथै विपद् तथा प्रकोप प्रभावितको सवालहरू तत्काल सम्बोधन तथा लक्षित वर्गको प्राथमिकीकरणको व्यवस्था गर्ने।

५.३ विपद्को समयमा विशेष जोखिममा रहने किशोरी, महिला, गर्भवती, सुत्केरी, अपाङ्गता भएका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक तथा अन्य सिमान्तकृत समुदायहरुलाई प्राथमिकता दिई संघ, प्रदेश, निजि क्षेत्र र गैरसरकारी संघसंस्थासँगको सहयोग तथा सहकार्यमा प्रजनन स्वास्थ्य शिविर, अन्य सेवा तथा राहतका कार्यक्रमहरु सञ्चालन गर्ने।

५.४ विपद तथा जोखिमको अवस्थामा समुदायमा पर्ने मनोसामाजिक सवालको सम्बोधनका लागि मनोसामाजिक परामर्श र मनोविमर्श सेवालाई अनिवार्य रुपमा प्रदान गर्ने व्यवस्था गर्ने।

५.५ न्यूनतम प्रारम्भिक शिघ्र मापन (Minimum Initial Rapid Assessment – MIRA) गर्ने।

५.६ प्रभावितहरूको खण्डिकृत तथ्याङ्क संकलन गरी आवश्यक सहयोग तथा संरक्षणका लागि तत्काल सेवा प्रवाह गर्न सम्प्रेषण ढाँचा निर्माण गरी सबै सरोकारवालाहरुको सहकार्यमा सहयोग गर्ने वातावरण सुनिश्चित गर्ने।

५.७ संरक्षण समिति सक्रिय बनाई विपद् तथा जोखिम अवस्थामा हुन सक्ने हिंसा न्युनीकरण गर्ने कार्यक्रमहरु सञ्चालनका लागी समन्वय तथा व्यवस्थापन गर्ने।

५.८ महिला तथा किशोरीहरुका लागी चाहिने मर्यादा सामाग्रीहरु (Dignity Kit) विपदको अवस्थामा समयमै उपलब्ध गराउने।

५.९ विपदको समयमा लैङ्गिक मैत्री आवासको व्यवस्था गर्ने।

# ९. नीति कार्यान्वयन

नीति कार्यान्वयनका लागि देहाय बमोजिको व्यवस्था गरिनेछः

१। नीतिलाई प्रभावकारी कार्यान्वयन गर्न आवश्यकता अनुसार संयोजन र सहकार्य गर्ने प्रमुख दायित्व नगरपालिकास्तरिय समितिका संयोजक र सदस्यहरूको हुनेछ।

२। नीतिलाई कार्यान्वयन गर्न नगरसभाका निर्वाचित सबै जनप्रतिनिधिहरू, वडा, टोलस्तरीय समितिका सदस्यहरू लगायत नागरिक समाजको समेत जिम्मेवारी र दायित्व रहनेछ। साथै विभिन्न समिति तथा समूहहरूलाई क्रियाशील बनाउन नगर पालिका स्तरिय समितिको भूमिका प्रभावकारी हुनुपर्नेछ।

३। नीति कार्यान्वयनको लागि आवश्यक जनशक्तिको विकास तथा क्षमता अभिवृद्धि गरिनेछ।

४। नीति कार्यान्वयनका लागि आवश्यकता अनुसार विस्तृत रूपमा कार्ययोजना निर्माण गरी लागू गरिनेछ।

## १०. आर्थिक व्यवस्था

नगरपालिकाले नीति कार्यान्वयनका लागि आवश्यक स्रोत साधनको व्यवस्था गर्नेछ। यसको लागि संघ र प्रदेश सरकारसँग आवश्यक समन्वय गरिनेछ। नीति कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यविधि, मापदण्ड, निर्देशिकाको निर्माण, दक्ष जनशक्तिको व्यवस्थापन जस्ता विविध कार्यहरूका लागि अनुमानित स्रोत साधन सम्बन्धमा नगरपालिकाको विषयगत समितिहरूमा छलफल गरी लैङ्गिक उत्तरदायी बजेटको अवधारणा अनुरुप अनुमान कार्ययोजना निर्माण गरिनेछ। कार्ययोजना कार्यान्वयनका लागि नगरपालिकाले आन्तरिक तथा बाह्य स्रोत समेत परिचालन गर्न आवश्यक हुनेछ। यस नगरपालिकामा क्रियाशील संघसंस्थाहरुले उक्त नीति तथा कार्यक्रमलाई सहयोग पुर्‍याउने गरी नगरपालिकासँगको समन्वय, साझेदारी, लागत सहभागितामा आधारित रही कार्यान्वयन गर्नुपर्नेछ।

## ११. कानूनी व्यवस्था

नीतिलाई नगरसभा तथा कार्यपालिकाको बैठकले अनुमोदन गरी कार्यान्वयनमा ल्याईनेछ। नीतिको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक कानुन, नियमावली तथा कार्यविधि र कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

## १२. नीति कार्यान्वयन तथा अनुगमन

नीतिको कार्यान्वयन अवस्था अध्ययन तथा समीक्षाका लागि नियमित अनुगमन गर्ने व्यवस्थाका लागि नगरपालिकास्तरिय र वडास्तरिय समितिहरु गठन गरी उक्त समितिले आफ्नो कार्यक्षेत्र बमोजिमका कार्य तथा जिम्मेवारी उत्तरदायीपूर्ण ढङ्गले निर्वाह गर्नेछन्। नीति कार्यान्वयनबाट निर्धारित उद्देश्य तथा अपेक्षित प्रतिफल हासिल भए नभएको र यसबाट परेको प्रभाव बारे आवधिक रूपमा मूल्याङ्कन गर्ने कार्य नगरपालिकाको सामाजिक विकास समितिको समन्वयमा गरिनेछ।

### कार्यान्वयन तथा अनुगमन समिति

### नगरपालिका स्तरीय समितिः

१. नगरपालिका प्रमुख - संयोजक
२. नगरपालिकाको उपप्रमुख - सदस्य

३. प्रमुख प्रशासकीय अधिकृत - सदस्य

४. सामाजिक विकास समितिको संयोजक-सदस्य

५.कार्यपालिकाको महिला सदस्य १ जना - सदस्य

६. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सहित लक्षित वर्गको क्षेत्रमा कार्य गर्ने बिषय विज्ञ तथा संघ संस्थाका प्रतिनीधि (नगरकार्यपालिका वा संयोजकले मनोनयन गरेका ३ जना एक जना महिला सहित) - सदस्य

७. नगरपालिकाको सम्बन्धित विषयतगत शाखा (महिला तथा बालबालिका शाखाको प्रमुख) - सदस्य सचिव

**वडास्तरीय समिति**

| | |
|---|---|
| १. वडा अध्यक्ष | संयोजक |
| २. वडा सदस्यहरु | सदस्य |
| ३. सम्वन्धित वडा समितिले लक्षित वर्गको क्षेत्रमा कार्य गर्ने व्यक्ति वा संस्थाबाट मनोनित गरेका वढीमा २ (एक जना महिला) सदस्य | सदस्य |
| ४. वडा सचिव | सदस्य सचिव |

## १३. नगरपालिका र वडा स्तरीय समितिको काम, कर्तव्य र अधिकार

१। महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, आदिवासी जनजाती, मधेशी, मुस्लिम, अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पछाडि पारिएको समुदायको खण्डीकृत तथ्याङ्क संकलन एवं विश्लेषण गर्ने।

२। लैङ्गिक आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पछाडि पारिएको समुदायको समग्र स्थितिको अध्ययन गरी तत् सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानुनी र संस्थागत सुधारका विषयमा नगरसभा समक्ष सिफारिस गर्ने।

३। संघ तथा प्रदेश सरकारबाट भएका रणनीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने गराउने।

४। लैङ्गिक, आर्थिक, भौगोलिक, सामाजिक तथा संस्कृतिक दृष्टिले पछाडि पारिएको समुदायको हकहितको संरक्षण र सम्वर्द्धन तथा त्यस्ता समुदायको सशक्तीकरणका

लागि स्थानीय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नगरसभा समक्ष सिफारिस गर्ने।

५। सम्बन्धित कार्यक्रम तथा योजना कार्यान्वयनमा सहयोग गर्ने तथा आवश्यक सुझाव दिने र कार्यक्रम कार्यान्वयनको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने।

६। नियमित रुपमा नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण तथा लैङ्गिक उत्तरदायी बजेट परिक्षण गर्ने।

७। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसँग सम्बन्धित अन्तराष्ट्रिय सन्धि, सम्झौताहरुको समन्वय, सहकार्य, सहजीकरण र कार्यान्वयन गर्ने गराउने।

८। नगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा काम गर्ने निकाय र संघसंस्थासँग समन्वय, सहकार्य र सहजीकरण गर्ने।

## १४.जोखिम तथा जोखिम न्यूनीकरणका उपायहरु

**सम्भावित जोखिम तथा जोखिम न्यूनीकरणका उपायहरु**

| क्र.सं | सम्भावित जोखिम | जोखिम न्यूनीकरणका उपायहरू |
|---|---|---|
| १ | यो नीति सम्बन्धी नेतृत्व तथा सरोकारवालाहरूमा साझा बुझाइमा एकरूपता नहुने हुनाले नीति कार्यान्वयनमा असहयोग र प्रतिरोध हुन सक्ने सम्भावना। | नेतृत्व तथा सरोकारवालाहरूको साझा बुझाइमा एकरूपता ल्याउन तालिम, गोष्ठी तथा छलफलको आयोजना गर्ने। |
| २ | पितृसत्तात्मक सोच विद्यमान रहेको सन्दर्भमा यस नीतिले महिला तथा बालिकालाई मात्र प्राथमिकतामा राख्छ भन्ने भ्रमपूर्ण बुझाइका कारण नीति कार्यान्वयनमा गतिरोध उत्पन्न हुन सक्छ। | जननिर्वाचित महिला सदस्यहरू यो नीति कार्यन्वयन गर्नको लागि पूर्ण रूपमा प्रतिबद्ध भई कार्य गर्ने। |
| ३ | सार्वजनिक तथा निजी क्षेत्रका सबै संरचनाहरूमा महिला तथा सीमान्तकृत समुदायको समानुपातिक सहभागिता नहुँदा यस नीतिको कार्यान्वयन तथा अनुगमन सही ढङ्गबाट नहुन सक्छ। | नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि आवश्यक सूचक निर्माण गरी कार्यान्वयनका लागि प्रोत्साहन गर्ने र सम्बन्धित कार्यहरूको नियमित समीक्षा गर्ने। |

| क्र.सं | सम्भावित जोखिम | जोखिम न्यूनीकरणका उपायहरू |
|---|---|---|
| ४ | नीति लागू गर्ने सम्बन्धमा राजनीतिक इच्छा शक्ति कम भएमा नीति कार्यान्वयनमा कठिनाई हुने सम्भावना रहन्छ। | स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिलाई नीति कार्यान्वयनका लागि प्रतिबद्ध गराउने। |
| ५ | नीति कार्यान्वयनमा दक्ष जनशक्ति तथा वित्तीय स्रोतको अभावमा गतिरोध उत्पन्न हुन सक्छ। | संघ, प्रदेश र स्थानीय तहबाट जारी भएका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति, रणनीति तथा कार्यक्रमहरु सम्बन्धमा कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने। |
| ६ | समन्वय र सहयोगको अभावमा यसको कार्यान्वयन अपेक्षाकृत रुपमा प्रभावकारी नहुन सक्छ। | बहुपक्षीय सरोकारवालाहरूसँगको समन्वय तथा सहकार्य बढाउने। |

# १५. नीतिका अपेक्षित उपलब्धिहरु

यस नीतिलाई नगरपालिकाले आफ्ना कार्यक्रमहरु मार्फत कार्यान्वयन गरेपछि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालमा निम्न उपलब्धीहरु हासिल गर्न सक्नेछ :

- नगरपालिकाको नीति, कार्यक्रम, बजेट तथा मापदण्डहरु लैससास उत्तरदायी हुनेछन्।
- समाजमा रहेको असभ्य र अव्यवहारिक परम्परागत सोच तथा अभ्यासहरुको अन्त्य भई समान र समावेशी समाज निर्माणमा सहयोग पुग्नेछ।
- नगरपालिकाको योजना तर्जुमा प्रक्रियामा लक्षित वर्गको अर्थपुर्ण सहभागिता गराई पछाडी परेका र पारिएका वर्गको सार्वजनिक स्रोत, साधन र लाभको उपयोगमा पहुँच र नियन्त्रण भई समतामूलक प्रक्रियाद्वारा समान तथा समावेशी समाजको सिर्जना हुनेछ।
- सेवा प्रदायक, सरोकारवाला, सघंसंस्थाहरुको लैससास सम्बन्धमा क्षमता अभिवृद्धि भई समान बुझाई र कार्य शैली कायम हुनेछ।
- स्थानीय निकाय स्वमूल्यांकनमा नगरपालिकाका सामाजिक गतिविधिहरुलाई व्यवस्थित र नियमन गरी नगरपालिकाको स्तरिकरण हुनेछ।

- नेपाल सरकारले प्रतिबद्धता गरेको दिगो विकासको लक्ष्य नं. ५ लगायत अन्य लक्ष्य प्राप्त गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता, संघीय र प्रदेश सरकारद्वारा गरिएका प्रतिबद्धता अनुरुपको दायित्व पुरा हुनेछ।

## १६. नीतिको पुनरावलोकन तथा सुधार

प्रत्येक वर्ष नीतिको कार्यान्वयनको प्रभावकारिताको समीक्षा गरिनेछ। नीतिको समग्र कार्यान्वयन अवस्था, उपयुक्तता र उपादेयताको मूल्याङ्कन गरी पाँच वर्षमा नीतिमा समसामयिक पुनरावलोकन तथा परिमार्जन एवं सुधार गरिनेछ।

## १७. खारेजी तथा बचाउ

यस नीतिमा उल्लेखित कुराहरु प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म सम्बन्धित कानुन बमोजिम नै हुनेछ।

# अनुसुची १: नीति निर्माण प्रक्रिया

रोल्पा नगरपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तयार गर्न आ.व. २०७९/८० मा कार्यक्रम तथा बजेटको व्यवस्था गरेको थियो। USAID Adolescent Reproductive Health Project, RUDAS Nepal र UNFPA Rolpa संगको समन्वय, सहकार्य र प्राविधिक सहयोगका साथै अन्य निकाय तथा संघसंस्थाको सहयोगमा यो नीति तयार भएको हो। यस क्रममा पहिलो चरणमा एक दिने कार्यशाला नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरू र नगर कार्यपालिकाका सदस्यहरू, वडा सदस्यहरू, विषयगत शाखाका कर्मचारीहरू, अगुवा महिला, युवा, अपाङ्गताको क्षेत्रमा काम गर्ने संस्थाका प्रतिनिधि, जिल्ला प्रहरी कार्यालय लगायतको सहभागितामा आयोजना गरी घनीभूत रूपमा छलफल गरिएको थियो। यो कार्यशालाको विषयवस्तुलाई यो नीति निर्माण गर्ने क्रममा मुख्य आधार लिई नीति निर्माण कार्यलाई प्रभावकारी बनाउन १० वटै वडाको अध्यक्ष ज्यूको संयोजकत्वमा वडास्तरिय कार्य समूह गठन गरी कार्य गरिएको छ। यस परामर्श गोष्ठिमा ६० माहिला र ५० पुरुष गरि ११० जनाको सहभागिता रहेको थियो। यसैगरी नगरपालिका स्तरीय कार्य समूह र नगरपालिकाको महिला तथा बालबालिका शाखाको सहयोगमा पालिकाको १० वटै वडामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति निर्माण प्रक्रियामा समुदायको संलग्नतासहित समस्या पहिचान तथा सम्बोधनका लागि सुझाव तथा अपेक्षालाई समावेश गर्न वडास्तरीय महिला संजाल, अपाङ्गता भएका व्यक्ति, बाल तथा किशोरकिशोरी क्लब, दलित तथा सीमान्तकृत समुदाय, कृषक समूहहरुको प्रतिनिधीमूलक सहभागितामा समूह केन्द्रित छलफल गरि सुझाब सङ्कलन गरेको थियो। उक्त सुझाव सङ्कलन प्रक्रियामा २३ महिला र ३९ पुरुषको सहभागिता रहेको थिए। यस मस्यौदामाथिको अन्तिम छलफलमा १५ महिला र २७ पुरुषको सहभागिता रहेको थियो। यसरी यो नीति निर्माणका क्रममा प्रत्यक्ष रुपमा ९८ जना महिला र १०६ जना पुरुष गरी जम्मा २०४ जनाको सहभागिता रहेको थियो।

यसैगरी नगरपालिकाका महत्त्वपूर्ण दस्तावेजहरू वार्षिक योजना, रणनिति ,नीति, निर्देशिका, कार्यविधि, कार्यक्रम, प्रतिवेदन, लैससास रणनीति २०७८, नगरपालिकाको पार्श्वचित्र, नगरपालिकाको आधिकारिक वेभसाइटमा उपलब्ध विभिन्न जानकारी अध्ययन गरी आवश्यक सूचनाहरूलाई लिइएको छ। राष्ट्रिय र अन्तर्राष्ट्रिय तहमा नेपाल सरकारद्वारा अनुमोदन गरिएका मानव अधिकार सम्बन्धी दस्तावेजहरू, संघीय तथा प्रदेश सरकारका ऐन, कानून, कार्यविधि, नीति, रणनीति, योजनासँगै दिगो विकास लक्ष्य, मानव विकास प्रतिवेदन लगायतका दस्तावेजहरूको अध्ययन, विभिन्न स्रोतबाट प्राप्त अनुभव एवं ज्ञानलाई समेट्दै तयार गरिएको नीतिको खाकालाई नगरपालिकास्तरीय कार्य समूह, सरोकारवाला संघसंस्थाका पदाधिकारी तथा कर्मचारीहरूबीच छलफल गरी सुझाव संकलन गरिएको थियो। यो प्रक्रियाद्वारा तयार पारिएको नीति तथा कार्ययोजना बारे नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरूको बैठकमा प्रस्तुत गरी छलफलबाट प्राप्त सुझावलाई समावेश गरी कर्मचारीहरूको बैठकमा प्रस्तुत गरी छलफलबाट प्राप्त सुझावलाई समावेश गरी नीतिको मस्यौदालाई अन्तिम रूप दिइएको छ ।

**प्रमुख प्रशासकिय अधिकृत**
**रोल्पा नगरपालिकाको**
**कार्यालय, रोल्पा**